"सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष"

# सञ्चय कोष

eNewsletter

कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ९ । अंक ३६ । २०७८ माघ - चैत्र

# शाखा कार्यालय कोहलपुरको नवनिर्मित भवनको उद्घाटन

कर्मचारी सञ्चय कोषको शाखा कार्यालय, कोहलपुर, बाँकेको नव-निर्मित भवनको समुद्घाटन भएको छ । २०७८ फाल्गुण ११ गते बुधवारका दिन कोषको सञ्चालक समितिका अध्यक्ष श्री कृष्णहरि पुष्करले एक कार्यक्रमबीच उक्त भवनको उद्घाटन गर्नुभएको हो ।

उद्घाटन कार्यक्रममा कोष सञ्चालक समितिका सदस्यहरू, कोषका प्रशासक, सहप्रशासक, विभागीय प्रमुखहरूं, कोषमा क्रियाशील तीन वटै यूनियनका अध्यक्षहरू, सुर्खेत, धनगढी र बुटवल शाखाका कार्यालय प्रमुखहरू एवम् शाखा कार्यालय कोहलपुरमा कार्यरत कर्मचारीहरूको उपस्थिति रहेको थियो । उक्त भवन निर्माण कार्य समय अगावै सम्पन्न गर्ने निर्माण व्यवसायी Thodung/HTC/Basana J.V. Birendranagar Surkhet, आयोजना प्रमुख एवम् शाखा कार्यालय, कोहलपुरका प्रमुख कमल अर्याल र साइट इन्जिनियर दधिराज घिमिरेलाई सम्मानस्वरूप प्रशंसा पत्र समेत प्रदान गरिएको थियो ।

कोहलपुर ३ख कित्ता नं. २५५ क्षेत्रफल ०-६-० मा कोषको शाखा कार्यालय भवन, कार्यालय प्रमुखको लागि आवास तथा गेष्ट हाउस, गार्ड हाउस तथा क्यान्टिन, विद्युतीय कोठा, पार्किङ् सेड निर्माण गर्न निर्माण व्यवसायी Thodung/HTC/Basana J.V. Birendranagar Surkhet ले पेश गरेको मु.अ.कर समेत रू ७,९८,८१,१६५/७२ (अक्षरेपि सात करोड अन्ठानब्बे लाख एकासी हजार एकसय पैसट्ठी र पैसा बहत्तर मात्र) को बोलपत्र स्वीकृत भइ कार्य शुरू भएको मितिबाट एक वर्ष ६ महिनाको अवधि राखी २०७७ श्रावण १ गतेदेखि लागू हुनेगरी २०७७ असार १८ गते कार्यादेश दिइएकोमा निर्माण व्यवसायीले तोकिएको समयावधि अगावै २०७८ पुष १५ गते नै सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी कोषलाई भवन हस्तान्तरण गरेको थियो ।











## कोषलाई सम्मानपत्र प्राप्त

कोषलाई अपर तामाकोशी हाइड्रोपावर लिमिटेडले चैत्र ५ गते एक समारोहबीच सम्मान पत्र प्रदान गरेको छ । नेपाल विद्युत प्राधिकरणद्वारा स्थापित अपर तामाकोशी हाइड्रोपावर लिमिटेड अन्तर्गत स्वदेशी लगानीमा निर्माण सम्पन्न भएको राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मेगावाट) तथा २२० के.भी. गोंगर खिम्ती प्रसारण लाइन र २२०/१३२ के.भी. नयाँ खिम्ती सवस्टेशनको वित्तीय व्यवस्थापन गर्न कोषले गरेको योगदानको उच्च कदर गर्दै सो सम्मान पत्र प्रदान गरिएको हो ।



# प्रशासकको निरीक्षण भ्रमण



कोषका निमित्त प्रशासक जितेन्द्र धितालले २०७८ माघ २६ मा शाखा कार्यालय बुटवलको निरीक्षण भ्रमण गर्नु भएको छ । निरीक्षणका क्रममा निमित्त प्रशासकले २०७८ साउन ३ गते देखि नयाँ भवनमा स्थानान्तरण गरिएको कार्यालय भवनको भौतिक अवस्था र सेवा प्रवाह लगायतका बिषयमा जानकारी लिनु भएको थियो । उक्त अवसरमा नयाँ कार्यालय भवनबाट चुस्त दुरूस्त रूपमा सञ्चयकर्तामैत्री सेवा प्रवाह गर्न निर्देशन समेत दिनु भएको थियो ।


# विविध कार्यक्रम सम्पन्न



सञ्चयकर्ता सेवा प्रवर्द्धन महाशाखाले कोषको सेवा सुविधा बारे प्रचार प्रसारका लागि विविध कार्य गर्दै आएको छ ।

कोषले प्रदान गर्ने सेवा सुविधा तथा अनलाईन सेवा प्रवाहका सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायमा कार्यरत सञ्चयकर्ताहरूका बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । २०७८ चैत्र मसान्त सम्ममा निजामती सेवा तर्फ कार्यरत कार्यालय प्रमुख तथा लेखा प्रमुख, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी तर्फ गरी विभिन्न स्थानमा २४ वटा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भइसकेका छन् ।

# ८१ प्रतिशत सञ्चयकर्ताको केवाईसी अद्यावधिक




आर्थिक वर्ष २०७८/०७९ को चैत मसान्तसम्म करिब ८१ प्रतिशत सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक कार्य सम्पन्न भएको छ । त्यसैगरी कुल Office KYC को संख्या ४० प्रतिशत रहेको छ । कोषले प्रदान गर्ने सबै सुविधा उपभोगको लागि KYC अनिवार्य गरे सँगै KYC अद्यावधिक गर्ने सञ्चयकर्ताको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको हो । सरकारद्वारा प्रयोगमा ल्याइएको नागरिक एपमा समेत कोषमा जम्मा भएको रकम र तिर्नु पर्ने ऋण हेर्नको लागि पनि KYC नम्बर अनिवार्य गरिएको छ । KYC अद्यावधिक कार्यले खासगरी कोरोना संक्रमणको समयमा कोषबाट प्रदान गरिने सापटी लगायतका सेवाहरू अनलाइनबाट प्रवाह गर्नका लागि ठूलो योगदान पुगेको छ ।

# सेवा केन्द्र स्थानान्तरण

सेवा केन्द्र पुल्चोक स्थानान्तरण भएको छ । कोषको पुल्चोकस्थित केन्द्रीय कार्यालयबाट सेवा प्रवाह गर्दै आएको उक्त सेवा केन्द्र लगनखेलस्थित कोष भवनको तेस्रो तल्लामा स्थानान्तरण भई फागुन २२ गतेबाट सेवा प्रवाह शुरू गरेको छ । कोषको KYC अद्यावधिक गर्ने कार्य लगनखेलबाट हुँदै आएको र सञ्चयकर्ताको सहजता समेतलाई मध्यनजर राख्दै सो सेवा केन्द्रलाई लगनखेल स्थानान्तरण गरिएको हो ।



# निवृत्तभरणमा ४१ हजार कर्मचारी आवद्ध




कोषमा हालसम्म ४१ हजार कर्मचारीको योगदानमा आधारित निवृत्तभरण रकम जम्मा भएको छ । नेपाल सरकारबाट कोष सञ्चालनको जिम्मेवारी पाएसँगै गत आर्थिक वर्षबाट रकम जम्मा गर्न शुरू गरिएको थियो । हालसम्म १६ सय भन्दा बढी कार्यालयबाट योगदान रकम प्राप्त भएको छ भने रू. ३ अर्ब ५० करोड भन्दा बढी रकम संकलन भैसकेको छ ।

## ६ सार्वजनिक संस्था आबद्ध

नेपाल सरकारको संघीय तहका कर्मचारीका साथै सार्वजनिक संस्थाका कर्मचारीलाई समेत योगदानमूलक निवृत्तभरणमा आवद्ध गर्ने जिम्मेवारी पाएको कोषले थप ६ वटा संस्थासँग सम्झौता गरेको छ । त्यसरी आवद्ध हुने संस्थामा वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोष, सिभिल अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, पोखरा विश्वविद्यालय र एचआइडिसिएल रहेका छन् । त्यसैगरी आरबिबि मर्चेन्टसँग पनि सम्झौताको लागि अन्तिम तयारी भइरहेको छ ।

## सेवा निवृत्त कर्मचारीहरूको सम्मान तथा बिदाइ



कर्मचारी सञ्चय कोषले सेवा निवृत्त कर्मचारीहरूको सम्मानमा २०७८ चैत्र ११ गते बिदाइ कार्यक्रम आयोजना गरेको छ । सो अवसरमा कोषबाट अवकाश प्राप्त कर्मचारीहरू प्रवीण बहादुर श्रेष्ठ, रमेशराज पोखरेल, धर्म प्रसाद खनाल, श्रीराम बराल, हरि प्रसाद भण्डारी, सानो कान्छा देउजा, गोविन्द बहादुर कुँवर, जगत बहादुर रेग्मी र केशव खतिवडा समेत ९ जना सम्मानित हुनुभएको थियो ।




## सामाजिक सुरक्षामा ३८ करोड बढी सहयोग



कोषले आर्थिक वर्ष २०७८/७९ को चैत मसान्तसम्म सञ्चयकर्तालाई सामाजिक सुरक्षा शीर्षकमा ३८ करोड बढी रकम प्रदान गरेको छ । कोषका विभिन्न सामाजिक सुरक्षाका कार्यक्रम अन्तर्गत १६ हजार ३ सय ७३ सञ्चयकर्ता लाभान्वित भएका छन् । सञ्चयकर्ता स्वास्थोपचार योजना अन्तर्गत १ हजार ७ सय १४ जना सञ्चयकर्ताको लागि १४ करोड ३० लाख, सुत्केरी तथा शिशुस्याहार सुविधा अन्तर्गत १४ हजार ९२० जना सञ्चयकर्तालाई करिब ११ करोड २० लाख बढी रकम, त्यसैगरी दुघर्टना क्षतिपूर्ति अन्तर्गत ३२६ जना सञ्चयकर्ता वा निजको हकवालालाई ६ करोड ५२ लाख र काजकिरिया खर्चबापत ९ सय ८८ जना सञ्चयकर्ताका हकवालालाई ३ करोड ९४ लाख बराबरको काज किरिया अनुदान रकम प्रदान गरिएको छ ।

# कोषको लगानी



सहवित्तीयकरण कर्जा लगानीको लागि कोषमा प्राप्त आयोजनाहरू मध्ये ५७.५ मेगावाट क्षमताको म्याग्दी खोला जलविद्युत आयोजनामा रू. १ अर्ब लगानी गर्ने निर्णय भएको छ भने एकल कर्जातर्फ व्यवसायिक भवन र हाउजिङ्ग कम्पनीमा रू. १.६३ अर्ब लगानी गर्ने निर्णय भई ८८ करोड कर्जा प्रवाह भईसकेको छ ।

त्यसैगरी कोषले बैंक तथा वित्तीय संस्थाको शेयरमा नियमित रूपमा लगानी गरिरहेको छ । सो अनुरूप Auction बाट सानिमा बैंकको १० लाख कित्ता संस्थापक शेयर किन्ने निर्णय भइसकेको छ भने प्राईम बैंकको करिव ३६००० कित्ता शेयर कोषको नाममा नामसारी हुने क्रममा रहेको र आई.सि.एफ.सि फाईनान्सको करिव २ लाख कित्ता शेयर खरिद हुने क्रममा रहेको छ ।

कोषको लगानीलाई व्यवस्थित गर्न कर्जा असूली कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भई लागू भैसकेको छ ।

# करिब ९ अर्ब धितोमा आधारित कर्जा प्रवाह

- घर सापटी — ६ अर्ब ४० करोड
- शैक्षिक सापटी — ५० करोड ७३ लाख
- सरलचक्र कर्जा — १ अर्ब ७२ करोड
- घर मर्मत सापटी — ४८ करोड ७६ लाख
- जग्गा खरिद सापटी — २७ करोड २ लाख

कोषबाट आर्थिक वर्ष २०७८/७९ को चैत मसान्तसम्म जम्मा ८ अर्ब ९३ करोड धितोमा आधारित सापटी प्रवाह भएको छ । घर सापटी अन्तर्गत १७४२ जना सञ्चयकर्तालाई कुल ६ अर्ब ४० करोड प्रवाह गरेको छ । त्यसैगरी २९ जना सञ्चयकर्तालाई शैक्षिक सापटी बापत ५० करोड ७३ लाख, सरलचक्र कर्जा ५०१ जना सञ्चयकर्तालाई १ अर्ब ७२ करोड, घर मर्मत सापटी ३०७ जना सञ्चयकर्तालाई ४८ करोड ७६ लाख र जग्गा खरिद सापटी १०७ जना सञ्चयकर्तालाई २७ करोड २ लाख प्रदान गरिएको छ ।

## योजनामा पौडल



बरिष्ठ प्रबन्धक वीरेन्द्र पौडेललाई मिति २०७९/०१/०२ देखि कायम मुकायम मुख्य प्रबन्धकको जिम्मेवारी सहित योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागमा पदस्थापन गरिएको छ । विभागीय प्रमुख पौडेल यस पूर्व निवृत्तभरण तथा सामाजिक सुरक्षा विभागमा कार्यरत हुनुहुन्थ्यो ।

## घरजग्गा कम्पनीमा श्रेष्ठ



सञ्चयकोष घरजग्गा तथा आवास कम्पनी लिमिटेडको प्रमुख कार्यकारीको रूपमा कोषका मुख्य प्रबन्धक विजय कुमार श्रेष्ठलाई मिति २०७९/०१/०२ देखि नियुक्त गरिएको छ । श्रेष्ठ यस अघि भवन तथा आवास व्यवस्थापन विभागमा विभागीय प्रमुखको जिम्मेवारीमा रहनु भएको थियो ।

## भवनमा शाक्य



का. मु. मुख्य प्रबन्धक राजेन्द्र शाक्यको मिति २०७९/०१/०२ देखि भवन तथा आवास व्यवस्थापन विभागमा सरुवा भएको छ । विभागीय प्रमुख शाक्यले यस भन्दा पहिले योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको विभागीय प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको थियो ।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न

सेवा प्रवर्द्धन महाशाखाद्वारा २०७८ फागुन ८ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको सहयोग र समन्वयमा ७ वटै प्रदेशका नेपाल प्रहरीका विभिन्न अधिकृत तथा जवानहरूलाई कर्मचारी सञ्चय कोषबाट प्रदान हुने विभिन्न सेवा सुविधाहरूको बारेमा जानकारी तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो ।

कार्यक्रममा वित्तीय सुविधा अन्तर्गत, विशेष सापटी online मार्फत आवेदन दिने प्रक्रिया, घर खरिद, घर निर्माण, घर मर्मत, जग्गा खरिद, शैक्षिक सापटी, सरल चक्र कर्जाको प्रक्रिया, ब्याजदर, रकमको सीमा सम्बन्धमा छलफल भयो ।

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सुत्केरी तथा शिशु स्याहार, काजक्रिया खर्च, दुर्घटना क्षतिपूर्ति, औषधि उपचार खर्च शोधभर्नासम्बन्धी जानकारी तथा छलफल भयो ।

Loan Repayment का सम्बन्धमा कोषबाट लिइएका बिभिन्न सापटी तथा ऋणको किस्ता (सावाँ तथा ब्याज) तिर्नको लागि Connect IPS मार्फत तिर्ने प्रक्रिया, बैंक मार्फत बुझाउँदा ध्यान दिन पर्ने बिषयमा जानकारी प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा सञ्चय कोष रकम जम्मा, योगदानमा आधारित निवृत्तभरणको लागि योगदान रकम जम्मा गर्ने तरिका तथा प्रक्रिया, UCIN/KYC नम्बर प्राप्त गर्ने तरिका, password बिर्सिएमा कसरी नयाँ password प्राप्त गर्ने भन्ने प्रक्रिया लगायत, Nagarik App,



Individual KYC, Office KYC भर्दा ध्यान दिनु पर्ने कुराहरू, KYC भर्दा बैंक खातामा भएको नाम हुबहु मिल्नु पर्ने हुँदा आफ्नो नागरिकता, बैंक खाता, सञ्चय कोष परिचयपत्रमा उल्लिखित नाम एवम् KYC भर्दा उल्लेख हुने नाम थर, जन्म मिति, नागरिकता जारी मिति, National ID Number, PAN, Mobile No, Email, कोषकट्टी शुरू भएको मिति लगायत आफ्नो विवरण एकिन हुनुपर्ने, online प्रणालीमार्फत सापटी लिंदा र तिर्दा आउन सक्ने वा देखिने लगायतका विभिन्न समस्याको बारेमा छलफल तथा अन्तरक्रिया गरिएको थियो ।



शाखा कार्यालय
जनकपुर

# बर्दिवासमा अन्तरक्रिया कार्यक्रम

शाखा कार्यालय जनकपुरले फागुन १३ गते सशस्त्र प्रहरी बल नेपाल नं.३९ रिजर्भ गण हेड क्वार्टर, बर्दिवास, महोत्तरीमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा ११७ जना सञ्चयकर्ताहरूको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा उप-प्रबन्धक चिरञ्जिवी पोखरेलले कोषले उपलब्ध गराउँदै आएको विविध सेवा सुविधाहरूका सम्बन्धमा, अनलाईन सापटी, माग गर्ने प्रक्रिया र यसले सञ्चयकर्ताहरूलाई मिल्ने फाइदाका बारेमा जानकारी प्रदान गर्नभएको थियो । सोही कार्यक्रममा इपिएफ आई-पोर्टल, अनलाईन सापटी लगायतका बिषयमा तथा पासवर्ड परिवर्तन सम्बन्धमा सञ्चयकर्तालाई जानकारी प्रदान गरी प्रत्यक्ष रूपमा पासवर्ड परिवर्तनको अभ्यास पनि गराइएको थियो । यस्ता कार्यक्रमहरूले सञ्चय कोषले प्रवाह गर्ने सेवा सुविधाका बारेमा सञ्चयकर्ताहरूलाई पूर्ण जानकारी प्राप्त हुने भएकाले समय समयमा यस्ता कार्यक्रम आयोजना गर्नुपर्ने धारणा सहभागी सञ्चयकर्ताहरूले राखेका थिए ।






# अन्तरक्रिया गोष्ठिमा सहभागिता

मधेश प्रदेशमा सम्पति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण एवम् आपराधिक आर्जनको आँकलन गर्ने उद्देश्यले आधार सर्वेक्षणको TOR र Survey Design सम्बन्धी अन्तरक्रिया गोष्ठी २०७८ चैत्र २५ गते सम्पन्न भयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको आयोजनामा सम्पन्न उक्त गोष्ठिमा शाखा कार्यालय, जनकपुरका कार्यालय प्रमुख नवराज पौडेलको सहभागिता रहेको थियो ।

## सेवा केन्द्र धनकुटा

# अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम



- कोष तथा लेखा नियन्त्रकको कार्यालय धनकुटाको सहयोग र समन्वयमा फागुन ३० गते धनकुटास्थित सरकारी निकायका सञ्चयकर्ता कार्यालयका लेखा प्रमुखहरूसंग एक अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो ।
- कार्यक्रममा वित्तीय सुविधा अन्तर्गत, बिशेष सापटी online मार्फत आवेदन दिने प्रक्रिया, घर खरिद, घर निर्माण, घर मर्मत, जग्गा खरिद, शैक्षिक सापटीको प्रक्रिया, ब्याजदर, रकमको सीमा सम्बन्धमा छलफल भयो । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सुत्केरी तथा शिशु स्याहार, काजक्रिया खर्च, दुर्घटना क्षतिपूर्ति, औषधि उपचार खर्च शोधभर्नासम्बन्धी जानकारी तथा छलफल गरियो ।
- Loan Repayment का सम्बन्धमा कोषबाट लिइएका बिभिन्न सापटी तथा ऋणको किस्ता (सावाँ तथा ब्याज) तिर्नको लागि Connect IPS मार्फत तिर्ने प्रक्रिया, बैंक मार्फत बुझाउँदा ध्यान दिन पर्ने बिषयमा जानकारी प्रदान गरिएको थियो ।
- सो कार्यक्रममा कोषको सेवा प्रवर्द्धन महाशाखा प्रमुख दिलिपराज पौडेल र सेवा केन्द्र धनकुटाका प्रमुख दिपेन्द्र सापकोटाले कोषले प्रदान गर्ने सेवा तथा सुविधाका बारेमा जानकारी प्रदान गर्नु भएको थियो ।



## शाखा कार्यालय बिराटनगर




२०७८ फागुन २८ गते जिल्ला प्रहरी कार्यालय मोरङ्को सहयोग र समन्वयमा मातहतका अधिकृत तथा जवानहरूलाई कोषको बारेमा विविध जानकारी प्रदान गरियो । त्यसैगरी २०७८ फागुन २९ गते कोष तथा लेखा नियन्त्रक कार्यालय विराटनगरको सहयोग र समन्वयमा मोरङ जिल्लास्थित कार्यालयका कार्यालय प्रमुख/लेखा प्रमुख एवम् प्रतिनिधिहरूलाई कर्मचारी सञ्चय कोषबाट प्रदान हुने विभिन्न सेवा सुविधाहरूको बारेमा सेवा प्रवर्द्धन महाशाखा प्रमुख दिलिपराज पौडेल र शाखा कार्यालय विराटनगरका कार्यालय प्रमुख तेजप्रसाद खनालले कोषले प्रदान गर्ने सेवा तथा सुविधाका बारेमा जानकारी प्रदान गर्नु भएको थियो ।






## शाखा कार्यालय कोहलपुर




# सञ्चयकर्ता अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय कोहलपुरले सशस्त्र प्रहरी बल हेड क्वार्टर, ३१ नं. गण बर्दिया, मा २०७८ साल पुष ९ गतेका दिन कोषका विविध गतिविधि सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सशस्त्र प्रहरी बल हेड क्वार्टर ३१ नं. गण,बर्दियाका तर्फबाट २०५ जना सञ्चयकर्ताहरू सहभागी रहेको उक्त कार्यक्रममा शाखा कार्यालय कोहलपुरबाट का.मु. उपप्रबन्धक मनोज लामिछाने, प्रमुख सहायकद्वय केदार धिताल र दीपा ढकालको सहभागिता रहेको थियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा कोषले उपलब्ध गराउँदै आएको विविध सेवा सुविधाहरूका सम्बन्धमा त्यहाँ उपस्थित सञ्चयकर्ताहरूलाई आवश्यक जानकारी गराइएको थियो । कार्यक्रममा सञ्चयकर्ताहरूले कोषले उपलब्ध गराउँदै आएको विविध सेवा सुविधाहरूका बारेमा राखेका विभिन्न जिज्ञासाहरूको कोषका कर्मचारीहरूले जवाफ दिएका थिए ।

## • ज्ञान आदान प्रदान कार्यक्रम

शाखा कार्यालय कोहलपुरले आ.व.२०७८/७९ को विशेष कार्यक्रममा समावेश ४ वटा ज्ञान आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ । सो ज्ञान आदान प्रदान कार्यक्रममा शाखामा कार्यरत कर्मचारीले विभिन्न विषयमा प्रस्तुतीकरण दिनु भएको थियो ।

## • सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण

शाखा कार्यालय कोहलपुरले आ.व.२०७८/७९ को विशेष कार्यक्रममा समावेश कोषको सेवा प्रवाह तथा सापटी सुविधाका सम्बन्धमा सञ्चयकर्ताको सन्तुष्टि मापन गर्न सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण कार्य सम्पन्न गरी प्रतिवेदन तयार गरी योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागसमक्ष पेश गरेको छ ।

## शाखा कार्यालय हेटौंडा



# अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय हेटौंडाको आयोजनामा सशस्त्र प्रहरी वल नं. ३ गढीमाई बाहिनी मुख्यालय भण्डारा, चितवनमा फागुन २९ गते को षले प्रदान गर्ने सेवा तथा सुविधाका सम्बन्धमा जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा कार्यालय प्रमुख राजेन्द्र लामिछाने र सहायक प्रबन्धक अतुल बास्कोटाको सहभागिता रहेको थियो ।

# घर दैलो कार्यक्रम

२०७८ चैत २३ गते देखि मकवानपुर र चितवन जिल्लामा भाखा नाघेका, ब्याज तिर्न बाँकी रहेका ऋणी कर्मचारीहरूलाई कर्जाको साँवा ब्याज सहित नियमित गर्न अनुरोध सहितको जानकारी पत्र सहित घर दैलो कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा का.मु. उप प्रबन्धक सितलबाबु खत्री, सहायक प्रबन्धकहरू अतुल बास्कोटा, बिष्णु प्रसाद बर्तौला, प्रमुख सहायकहरू फाल्गुणी धिमाल र नितिष कुमार चौधरीको सहभागिता रहेको थियो ।

# Onsite KYC अद्यावधिक

नं १ जगदल गण, सुनाचुरी, मकवानपुरमा चैत्र १९ गते करिव २०० जना सञ्चयकर्ताहरूको Onsite kyc अद्यावधिक गर्ने कार्यका अतिरिक्त कोषले प्रवाह गर्ने सेवा सुविधाहरूका बारेमा जानकारी समेत प्रदान गरिएको थियो । उक्त कार्यक्रममा कोषका का.मु.उप प्रबन्धक सितलबाबु खत्री, सहायक प्रबन्धक अतुल बास्कोटा, प्रमुख सहायक फाल्गुणी धिमाल र कार्यालय सहयोगी स्वर्णिम मैनालीको सहभागिता रहेको थियो ।

यसैगरी फागुन २८ गते, सिंहनाथ गण, शक्तिखोर, चितवनमा करिव १५० जना तालिमरत सञ्चयकर्ताहरूको Onsite KYC अद्यावधिक कार्य एवम् कोषको सेवा सुविधा प्रवाह सम्बन्धमा आवश्यक जानकारी प्रदान गरिएको थियो ।

# शाखा कार्यालय बुटवल

## घर सापटीको क्षेत्र विस्तार

शाखा कार्यालय बुटवलले घर सापटीको क्षेत्र विस्तार गरेको छ । सञ्चयकर्तालाई प्रदान गर्दै आइरहेको धितोमा आधारित कर्जाको विगतमा लागू गरिएका क्षेत्रहरूमा समेत पूर्वाधारहरूको विकासको आधारमा क्षेत्र विस्तार गरिनुका साथै केही नयाँ स्थानमा समेत क्षेत्र थप गरेको र पाल्पा जिल्ला तानसेन नगरपालिकाका क्षेत्रहरू नयाँ जिल्लाको रूपमा थप गरी जम्मा सापटी सेवा प्रवाह भएका जिल्लाको संख्या ५ पुऱ्याएको छ ।

## onsite kyc अद्यावधिक

शाखा कार्यालय बुटवलले विभिन्न कार्यालयहरूमा Onsite Kyc update गर्ने कार्य गरेको छ । यसै सिलसिलामा विभिन्न मितिमा सञ्चयकर्ता कार्यालयको अनुरोध वमोजिम दिप बोर्डिङ्ग स्कुल, बुटवल, सर्वोत्तम सिमेन्ट नवलपरासी सुस्ता पश्चिम, प्रहरी युक्ति तालिम महाविद्यालय जर्घा नवलपरासी, नं. २ सैन्य तालिम गण सैनामैना र लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र बुटवलमा नयाँ भर्ना भएका र पुराना KYC update गर्न छुटेका कर्मचारीको कार्यालयमा नै गई KYC update गर्ने कार्य सम्पन्न गरिएको छ ।



## अन्तरक्रिया तथा अभिमुखीकरण

शाखा कार्यालय बुटवलबाट सर्वोत्तम सिमेन्ट नवलपरासी र दिप बोर्डिङ्ग स्कुल, बुटवलमा कार्यरत कर्मचारीहरूको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । साथै चैत्र १४ मा नवलपरासी पश्चिमस्थित कार्यालयमा कार्यरत कार्यालय प्रमुखहरूको उपस्थितिमा रामग्राम नगरपालिकाको सभाहलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । २०७८ चैत्र १६ गते रुपन्देही जिल्लास्थित कार्यालयका प्रमुख तथा लेखा प्रमुखहरूको उपस्थितिमा वुटवल उपमहानगरपालिकाको सभाहलमा अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । यसका साथै नं. २ सैन्य तालिम गण, सैनामैना रूपन्देहीमा नयाँ भर्ना भएका सैन्य तथा अन्य दर्जाका कर्मचारीको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

# शाखा कार्यालय धनगढी

## कर्जा लगानी, असुली र क्षेत्र विस्तार

शाखा कार्यालय धनगढीद्वारा आ.व. २०७८/७९ को चैत्र मसान्तसम्मको अवधिमा घर सापटी तर्फ १४९ जना सञ्चयकर्तालाई रू. ३०,४१,०८,३२०/३४, घर मर्मत सापटी तर्फ २९ जना सञ्चयकर्तालाई रू. ४,९५,१८,२३७/६६, शैक्षिक सापटी तर्फ रू. ९,७०,३०७/४८ तथा जग्गा खरिद सापटी तर्फ १० जना सञ्चयकर्तालाई रू. १,१४,८५,०००/- प्रवाह गरिएको छ । साथै धितोमा आधारित कर्जा लिने ऋणीहरूबाट साँवा व्याज गरी जम्मा रू. १७,५५,७३,९३२।०५ असुल भएको छ ।

## सापटी/भुक्तानी तथा सामाजिक सुरक्षा सेवाहरु

आ.व. २०७८/७९ को चैत्र मसान्तसम्मको अवधिमा शाखा कार्यालय धनगढीबाट विशेष सापटी वापत ९३२ जना सञ्चयकर्ताहरूलाई रू. २७,३७,४६,५००/-, अवकाश पछिको कोष भुक्तानी १८४३जना सञ्चयकर्ताहरूलाई रू. ४३,९२,२९,८५५/३७ भुक्तानी दिईएको छ । यसै अवधिमा सञ्चयकर्ता सामाजिक सुरक्षातर्फ प्रसूति तथा शिशु स्याहार खर्च वापत १,२४६ जना सञ्चयकर्ताहरूलाई रू. ९३,४५,०००/-, काजक्रिया अनुदान भुक्तानी बापत ४२ जना सञ्चयकर्ताको हकवालालाई रू.१६,८०,०००/-, दुर्घटना क्षतिपूर्ति वापत २३ जना सञ्चयकर्ताको हकवालालाई रू.४६,००,०००/- तथा कर्मचारी कल्याण योजना वापत १२ जना सञ्चयकर्ताको हकवालालाई रू.१८,००,०००/- भुक्तानी गरिएको छ ।

## विविध

शाखाबाट यस अवधिमा ३,७३४ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको छ । केवाइसी अद्यावधिकको लागि शाखाबाट डोटी, कञ्चनपुर तथा कैलाली जिल्लाका विभिन्न कार्यालयहरूमा केवाइसी टोली पुगेको थियो ।

यस अवधिमा शाखा कार्यालय धनगढीले कोषबाट प्रदान हुने सेवा सुविधा तथा KYC सम्बन्धमा दार्चुला जिल्लामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ ।



शाखाबाट गरिने कार्यसम्पादनलाई अझ बढी उपलब्धिमूलक र रचनात्मक बनाउन कोषको ऐन, नीति, नियम, कार्यबिधि, सेवा प्रक्रियाको सम्बन्धमा सहकर्मीहरूबीच ज्ञान आदानप्रदान गर्न नियमित रूपमा विविध विषयवस्तु उपर प्रशिक्षण तथा छलफल कार्यक्रम गरिएको छ । जसको कारण शाखाको कार्यसम्पादनको गुणस्तर अभिवृद्धिमा सकारात्मक प्रभाव परेको देखिन्छ । यस अवधिमा सञ्चयकर्ता अभिबृद्धिको लागि २ वटा संस्थालाई कोषमा आवद्ध गरिएको छ ।

# अन्तरक्रिया, अभिमुखीकरण तथा प्रचार–प्रसार

शाखा कार्यालय, पोखराले गोरखा जिल्लास्थित कोषकट्टी गरी पठाउने कार्यालयका लेखा सम्बद्ध कर्मचारीहरूसँग र लमजुङ्ग जिल्लास्थित कोषकट्टी गरी पठाउने कार्यालयका लेखा सम्बद्ध कर्मचारीहरूसँग विद्युतीय माध्यमबाट फाँटवारी पठाउने, कोष परिचयपत्र नम्बर प्राप्त गर्ने, दोहोरो खाता सिर्जना हुन नदिने, व्यक्तिगत तथा कार्यालयको KYC विवरण भर्ने/संशोधन गर्ने तरिका लगायतका विषयमा अभिमुखीकरण, अन्तरक्रिया एवम् प्रचार-प्रसार गर्ने कार्य सम्पन्न गरेको छ ।

त्यसैगरी तनहुँ जिल्लास्थित सञ्चयकर्ता कार्यालयका लेखा सम्बद्ध कर्मचारीहरूसँग र सोही जिल्लाको म्याग्दे गाउँपालिका तथा सोही गाउँपालिकाबाट बजेट निकासा लिई तलब खुवाउने कार्यालयका प्रशासनिक प्रमुख, लेखा सम्बद्ध कर्मचारीहरूसँग विशेष सापटी, कोष भुक्तानी, सामाजिक सुरक्षण सुविधा तथा अन्य सापटीहरूहरूको प्रवाह सम्बन्धमा OnlineSystem, DTA तथा सापटी चुक्ताको Connect IPS प्रणाली सम्बन्धमा अभिमुखीकरण, अन्तरक्रिया एवम् प्रचार-प्रसार गर्ने कार्य सम्पन्न गरिएको छ ।

## • विविध प्रतिवेदनहरु पेश

शाखा कार्यालय पोखराले चालु आ.व. २०७८/७९ को वार्षिक विशेष कार्यक्रमहरूको कार्यसम्पादन सम्झौता बमोजिम देहायका प्रतिवेदनहरू तयार गरी कोषका प्रशासक समक्ष पेश गरेको छः

- २०७८ फागुन ३० गते, शाखा कार्यालय, पोखराको कार्यक्षेत्र अन्तर्गतका स्याङ्जा र तनहुँ जिल्लामा घर सापटीको पुनरावलोकन तथा क्षेत्र विस्तारको सम्भाव्यता अध्ययन गरी सिफारिश सहितको प्रतिवेदन ।
- २०७८ चैत्र १६ गते, शाखा कार्यालय, पोखराको भौतिक परीक्षण प्रतिवेदन ।
- २०७८ चैत्र २० गते, शाखा कार्यालय, पोखराको अभिलेख व्यवस्थापन सम्बन्धी प्रतिवेदन ।

## • भवन निर्माण कार्य तीव्र

शाखा कार्यालय पोखराको भवन निर्माण कार्य तीव्रताका साथ अगाडि बढेको छ । निर्माणाधीन मुख्य भवन अर्थात् कार्यालय भवनको दोस्रो तला, कार्यालय प्रमुख आवास भवनको पहिलो तला तथा Service Building को DPC Level तथा Tie Beam ढलान हुने अवस्थामा पुगेको



छ । यस सम्बन्धमा निर्माण व्यवसायी एवम् परामर्शदाताका Site प्रतिनिधि, परियोजना व्यवस्थापकका साइट प्रतिनिधि तथा शाखा कार्यालय पोखराका अधिकृत/कर्मचारी समेतको समय समयमा बैठक बसी छलफल तथा समीक्षा गर्ने गरिएको छ। निर्धारित गुणस्तर र समय-तालिका बमोजिम कार्य सम्पन्न हुने गरी भवन निर्माण कार्यमा शाखा कार्यालयबाट आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने कार्य निरन्तर भइरहेको छ ।

## • धितोमा आधारित कर्जाको ब्याज असूली

पोखरा शाखाबाट प्रवाह भएको घरसापटी, घरमर्मत सापटी तथा शैक्षिक सापटीको समेतको २०७८ चैत्र मसान्तसम्ममा रू. १,०६,९८,६०६/०९ Suspense ब्याज असूल गरिएको छ । कर्जा अवधि समाप्त भइसकेपछि पनि घर सापटीको साँवा-ब्याज नतिर्ने ऋणी सञ्चयकर्ताहरूलाई कर्जा चुक्ता गर्न ताकेता गरिएको छ । यो कार्यलाई शाखा कार्यालयले आर्थिक वर्षभरि निरन्तरता दिने भएको छ ।

## • का.मु सह-प्रशासकबाट निरीक्षण भ्रमण सम्पन्न

का.मु सह-प्रशासक जीवन कुमार कट्वालले २०७८ पुष २५ गते शाखा कार्यालय पोखराको निरीक्षण भ्रमण गर्नु भएको छ । उक्त कार्यक्रममा शाखा कार्यालय पोखराका प्रमुख नगेन्द्र प्रसाद पौडेलले शाखाको प्रगति विवरण संक्षिप्त रूपमा जानकारी गराउनुका साथै त्यहाँ कार्यरत कर्मचारीहरूसँग कार्यालयको कार्यसम्पादन सम्बन्धी विविध समस्या एवम् समाधानका विषयमा छलफल गरिएको थियो । का.मु. सह-प्रशासक कट्वालले शाखा कार्यालय पोखराले भवन निर्माण कार्यमा पुऱ्याएको सहयोग, समन्वय र सञ्चयकर्ता सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि खेलेको भूमिकाको उच्च प्रशंसा गर्नुभएको थियो ।

# सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष

**कर्मचारी सञ्चय कोष सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता व्यक्त गर्दछ ।**

## क) संख्यात्मक विवरणः

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ९८ हजार | २९ हजार २ सय |
| निवृत्तभरण कोष | २४ हजार १ सय | ९ सय ६४ |

## ख) कोषका कार्यालयहरूः

- केन्द्रीय कार्यालयःपुल्चोक, ललितपुर
- ठमेल कार्यालयः त्रिदेवी मार्ग, ठमेल
- लगनखेल कार्यालयः लगनखेल
- शाखा कार्यालयहरूः विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
- सेवा केन्द्रहरूः धनकुटा, सिंहदरवार र लगनखेल

## ग) आर्थिक वर्ष २०७७/७८ को वित्तीय अवस्थाः

- सञ्चय कोषः रू. ३९८ अर्ब ६ करोड
- निवृत्तभरण कोषः रू. १ अर्ब ५८ करोड
- जगेडा कोष तथा बचतः रू.४० अर्ब १६ करोड
- दायित्वहरूः रू. ४ अर्ब ६७ करोड
- कूल स्रोतः रु ४४४ अर्ब ४७ करोड
- कुल लगानीः रू. ४३६ अर्ब ५४ करोड

## घ) सञ्चयकर्तालाई उपलब्ध सेवाहरूः

- **ब्याज तथा मुनाफाः** सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याजदरः ६.५० प्रतिशत, सञ्चय कोषमा मुनाफाः ०.९० प्रतिशत (आ.व. २०७७/७८ को लागि)

- **सापटी सुविधा तथा ब्याजदरः**

| विशेष सापटी | घरसापटी | शैक्षिक सापटी | सरलचक्र कर्जा | घर मर्मत सापटी | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|
| सञ्चय कोष रकमको ८० प्रतिशतसम्म | अधिकतम रू १ करोडसम्म | रू.१० लाख देखि रू. २५ लाखसम्म | अधिकतम रू. ३० लाखसम्म | अधिकतम रू. २५ लाखसम्म | अधिकतम १० वर्षको तलवमान बराबर |
| ७.६० प्रतिशत | ७.९० प्रतिशत | ७.९० प्रतिशत | ८.०० प्रतिशत | ७.९० प्रतिशत | ७.९० प्रतिशत |

- **सञ्चयकर्ता स्वास्थ्योपचार योजनाः** सञ्चयकर्तालाई साधारण रोग लागी उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रु १ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिमा अधिकतम रू. १० लाखसम्म सोधभर्ना प्रदान गरिने ।

- **अन्य सामाजिक सुरक्षा कार्यक्रमहरूः** ▪ सुत्केरी तथा शिशु हेरचाह कार्यक्रमः प्रति प्रसूति रू. ७,५००, ▪ दुर्घटना क्षतिपूर्ति योजनाः निज वा निजको हकवालालाई रू. २ लाख, ▪ काजक्रिया अनुदानः हकवालालाई आर्थिक अनुदान स्वरूप रू. ४० हजार प्रदान गरिने ।

विशेष धन्यवाद राजेन्द्र विक्रम के सी

सम्पादन तथा प्रकाशन ः

**कर्मचारी सञ्चय कोष,**

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर ।

website : www.epfnepal.com.np, email: planning@epfnepal.com.np